# DAILY NEWSLETTER

As of Nov 02 2025

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## नेप्सेमा उत्साह, हरियो क्यान्डलसहित उकालो यात्रा जारी




नेप्से सूचकांक २,६१४.२१ बिन्दुबाट खुल्यो र दिनको अन्त्यमा २,६३१.१४ बिन्दुमा बन्द भयो। यसरी सूचकांकले ३०.७५ बिन्दु वा १.१८% को वृद्धि दर्ता गर्यो, जसले बजारमा लगानीकर्ताको उत्साह र विश्वास देखाउँछ। आजको कुल कारोबार रकम करिब रु ९.२० अर्ब रह्यो भने २९.७ लाखभन्दा बढी शेयर विभिन्न क्षेत्रहरूमा कारोबार भए।

आज **HBLPO** को बजारमा करिब **रु १.६६** अर्ब बराबरको कारोबार भएको छ। शेयरको मूल्य **रु १३१** मा पुगेको छ।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा माथि छ । |
| MACD | नेप्सेमा हाल MACD मा Positive Momentum हुँदै गएको देखिएको छ । |
| RSI | RSI 52 .22 पुगेको देखिन्छ । |

| | |
|---|---|
| Support | 2440-2510 |
| Resistance | 2650-2690 |

नेप्से आज पनि हरियो क्यान्डलसहित निरन्तर उकालो क्रममा रह्यो। दिनको पहिलो **Half** मा बजारले उत्साहपूर्ण सुरुआत गर्दै करिब २६२६ अंकको उच्च बिन्दुमा पुग्ने प्रयास गर्‍यो। दोस्रो **Half** मा २६४० अंकसम्म पुगेपछि केही मुनाफा बिक्री (**Profit booking**) देखिए तापनि बजारले स्थिरता कायम राख्दै २६२६ अंकमाथि बन्द हुन सफल रह्यो। यसले आजको पहिलो घण्टा र समग्र कारोबार अवधिमा सकारात्मक माहोल कायम भएको संकेत गर्दछ।

नोट: नेप्से अहिले २६५० देखि २६९० बिचको महत्वपूर्ण प्रतिरोध स्तर (**Resistance zone**) नजिक आइपुगेको छ।


9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment